# विश्व

**विस्थापित**
सरकारी फौजको हमलाका कारण दक्षिण पश्चिमी सिरियामा थुप्रै विस्थापित भएका छन्।



**योजना**
गठबन्धन तोडनुअघि अमेरिकी गृहमन्त्रीले चान्सलरसँग आप्रवासी विषयमा वार्ता गर्ने योजना बनाएका छन्।





## विश्व २ मिनेट

### सिरिया

#### सर्वसाधारण विस्थापित

दमास्कस, (एजेन्सी)

२ साताअघि सिरियाली सरकारी फौजले लडाकुहरूको नियन्त्रणमा रहेका २ वटा क्षेत्रमा भीषण आक्रमण गरेयता दक्षिण-पश्चिमी सिरियाबाट कम्तीमा २ लाख ७० हजार मानिस घर छाडेर भागेको संयुक्त राष्ट्रसंघले जनाएको छ। डेरा र कुनेट्रा प्रान्तबाट विस्थापित भएकामध्ये अधिकांश जोर्डन र इजरायली अधिनस्थ गोलान हाइटसँग जोडिएका सिमाक्षेत्रतर्फ भागेको सरकारी अधिकारीले बताएका छन्। तर ती दुवै राष्ट्रले शरणार्थीलाई कुनै पनि हालतमा प्रवेश नदिने बताइसकेका छन्। रुसी हवाई हमलाको आडमा सरकारी फौज अघि बढिरहेको छ।

### जर्मनी

#### वार्ता योजना

बर्लिन, (एजेन्सी)

जर्मनीका अर्थमन्त्री सिहोफरले चान्सलर एन्जेला मर्केलको आप्रवासी नीतिको विरोधमा पदबाट राजिनामा दिनुअघि उनीसँग अन्तिम प्रयासस्वरूप वार्ता गर्ने योजना बनाएका छन्। सिहोफर मर्केलको गठबन्धन सरकारका प्रमुख साझेदार बाभारियाको सोसियल युनियन (सीएसयू) का अध्यक्ष हुन्। उनले प्रहरीले बाभारियाका सीमानाबाट प्रवेश गर्न खोज्ने आप्रवासीलाई लखेट्नुपर्ने बताएका छन्। तर मर्केल भने यस मामिलामा युरोपेली संघ (ईयू) को व्यापक सम्झौतामा अडिग रहेकी छिन्। सिहोफरले मर्केलको क्रिस्चियन डेमोक्रेटसको साथ छोड्ने धेरै सम्भावना रहेको छ।

### चीन

#### लेजरगन विकास

बेइजिङ, (एजेन्सी)

चीनको एक कम्पनीले 'लेजर एके-४७' विकास गरेको दाबी गरेका छन्। उक्त लेजरगनले सेकेन्डको पनि सानो अंशमा करिब आधा माइल दुरीमा रहेका निसानालाई जलाइ नस्ट पार्न सक्ने बताइएको छ। तर विज्ञहरूले भने चीनको दाबीमा शंका गरिरहेका छन्। जेडकेजेडएम-५०० नाम दिइएको उक्त हतियारका विषयमा जानकारी दिँदै साउथ चाइना मर्निङ पोस्टले सामान्य राइफलको आकार र तौल बराबरको र सयौं प्रहार गर्न सक्षम रहेको उल्लेख गरेको छ। प्रत्यक प्रहारले मानव छालालाई डढाउन सक्छ। तर उक्त हतियारको विशेषता बयान गरेको भए पनि प्रदर्शन भने गरिएको छैन।

### अमेरिका

#### छुरा आक्रमण

बोइज, (एजेन्सी)

अमेरिकी राज्य आइडाहोको वोइजस्थित एउटा अपार्टमेन्टमा ३ वर्षीय बालिकाको बर्थ डे पार्टीमा धारिलो छुरा बोकेका एक व्यक्ति प्रवेश गरी आक्रमण गर्दा ९ जना घाइते भएका छन्। उनले जन्मदिन परेकी बालिकासहित अन्य ५ बालबालिका र ३ जना वयस्कमाथि आक्रमण गरेका थिए। शनिबार राति भएको उक्त आक्रमणमा संलग्न ३० वर्षीय टिमोथी किन्नरलाई प्रहरीले गिरफ्तार गरिसकेको छ। आक्रमणका परेका सबै आफ्नो देशमा फैलिरहेको हिंसाका कारण अमेरिका पलायन भएका शरणार्थी भएको प्रहरीले बताए। उक्त घटनालाई बडलाका भावनाबाट प्रेरित अपराध भएको कुनै प्रमाण नभएको प्रहरीले बताए।

# संस्थानहरूमा बालयौन शोषणबाट पीडितका लागि मुआब्जा

सिड्नी, (एजेन्सी)




अष्ट्रेलियाले विभिन्न संस्थानमा बालयौन शोषणबाट पीडितका लागि मुआब्जा दिने योजना शुरू गरेको छ। यसलाई राष्ट्रिय मुआब्जा योजना नाम दिइएको छ। यस योजनाअन्तर्गत ६० हजार अष्ट्रेलियाली यस मुआब्जाका लागि योग्य रहेको सरकारी आँकडाले देखाएको छ।

अष्ट्रेलियाली अधिकारीका अनुसार ४ अर्ब डलर मुआब्जाको यस योजनाले पीडितको दु:ख कम गर्न मद्दत हुनेछ। अष्ट्रेलियाली संस्थानमा दशकौंदेखि भइरहेको बाल शोषणमा एक जाँच आयोगले आर्थिक मुआब्जा सिफारिस गरेको थियो।

आयोगले धार्मिक संस्थान, स्कुल, च्यारिटी, स्पोर्टस क्लब र सेनामा पीडित तथा उनीहरूमाथि भएको दुर्व्यवहारलाई लिएर ५ वर्षसम्म छानबिन गरेको थियो। आयोगको करिब सबै सिफारिसलाई अष्ट्रेलियाली सरकारले स्वीकार गरेको थियो।

यस योजनाअनुसार जुन परिवारले मुआब्जाका लीगि आवेदन गर्नेछन्, उनीहरूले फेरि यस मामिलामा मुद्दा दायर गर्न सक्ने छैनन्। अष्ट्रेलियाको समाज कल्याणमन्त्री डेन टेहानले भने- 'हामी दुर्व्यवहारका पीडित ती करिब ६० हजारका साथमा छौं, जो ती विश्वसनीय संस्थानमा थिए र त्यहाँ उनीहरूलाई सुरक्षित राख्नुपर्थ्यो।'




क्याथोलिक चर्चसहित कैयौं राज्य सरकार र धार्मिक समूह यस योजनामा आबद्ध भएका छन्। पीडितलाई अधिकतम १ लाख ५० हजार डलर मुआब्जा दिइने बताइएको छ। औसतमा मुआब्जाको राशी करिब ६७ हजार डलर हुनेछ।

डग गाल्टरले शुरूमा मेलबर्नस्थित बाल गृहमा र फेरि सिड्नीस्थित जेलमा १७ वर्षको उमेरदेखि यौन शोषण झेल्नुपरेको थियो। अष्ट्रेलियाली ब्रोडकास्टर एबीसीलाई उनले उक्त दुर्व्यवहारको असर जीवनभर रहने उनले बताए।


गाल्टरले भने- 'यहाँसम्मकी तपाईं जसलाई मन पराउनुहुन्छ, उसको पनि अत्यन्त नजिक जान सक्दैन। तपाईं यस विषयमा उसँग कुरा गर्न सक्नुहुन्न किनभने उसले तपाईंको पीडा महसुस गर्न चाहँदैन।

केही वकिलले यस योजनालाई अन्तिम विकल्पका रूपमा प्रयोग गर्नुपर्ने बताएका छन्। यदि पीडितले आफूमाथि दुर्व्यवहार गरिएका संस्थानविरुद्ध मुद्दा गरी अझ बढी मुआब्जा लिन सक्ने स्थिति आउने उनीहरूले बताए।

तर गम्भीररूपमा बिरामी भएका गाल्टरजस्ता पीडितका लागि भने यो पक्रिया अत्यन्त लामो समय लाग्ने हुन्छ। उनले भने- 'मसँग कुनै अर्को विकल्प छैन। मुद्दा गर्नु त सबैभन्दा राम्रो तरिका हुनेछ तर मसँग समय छैन। मेरो जिन्दगी अब यति कम छ कि अदालती कारबाहीका लागि यो छोटो हुनेछ।'

अष्ट्रेलियाली प्रधानमन्त्री मल्कम टर्नबुलले योजना पीडा कम गर्ने पक्रियाको हिस्सा भएको बताए। उनले भने- 'हामीले अगाडि आएको सत्यको सामना गर्नु नै पर्छ। यो अत्यन्त कठिन छ।' टर्नबुलले अक्टोबर २२ मा संस्थानमा भएको दुर्व्यवहारका पीडितसँग औपचारिक माफी माग्नेछन्।

# कैदी जेल तोडी हेलिकप्टरमा फरार



पेरिस, (एजेन्सी)

पेरिसमा एक कुख्यात अपराधी आइतबार जेल तोडी भाग्न सफल भएका छन्। एक समय मोस्ट वान्टेडको सूचीमा परेका ती अपराधी जेल तोडेर हेलिकप्टरबाट फरार भएका थिए।

४६ वर्षीय रेडोइन फायड पेरिसको दक्षिण पूर्वी उपनगरीय इलाकास्थित एक जेलमा आफ्ना हतियारधारी साथीहरूको मद्दतबाट फरार भएका हुन्।

उनी आफ्ना ३ साथीसँग भागेको जेल अधिकारीले बताए। भाग्न प्रयोग भएको हेलिकप्टर पेरिसको उत्तर पूर्वी उपनगर इलाकाबाट बरामद भएको बताइएको छ। सन् २०१० मा डकैतीको योजना गरेको आरोपमा यसै वर्ष उनलाई २५ वर्षको जेल सजाय सुनाइएको थियो। उक्त डकैतीमा गोलाबारी हुँदा १ प्रहरीको मृत्यु भएका थियो।

फायड विगतमा कैयौं पटक टेलिभिजन साक्षात्कारमा आइसकेका छन्। उनी २ पुस्तकका सहलेखक पनि हुन्। पुस्तकमा उनले अपराधीका रूपमा आफ्नो उदयका विषयमा लेखेका छन्। फायडले आफ्नो अपराध अमेरिकी फिल्म 'स्कारफेस' र 'हिट' बाट प्रेरित रहेको बताएका थिए।

## आव्राडर मेक्सिकोका नवनिर्वाचित राष्ट्रपति

# भ्रष्टाचार उन्मुलन प्रमुख प्राथमिकता



मेक्सिको सिटी, (एजेन्सी)

मेक्सिकोका बामपन्थी नेता आन्द्रेज म्यानुयल लोपेज ओव्राडरले आइतबार राष्ट्रपतीय चुनाव जितेपछि राष्ट्रको भ्रष्टाचार समस्या समाधान गर्ने पुन: प्रतिबद्धता जनाएका छन्। उनले यस समस्यालाई चुनावी नारा नै बनाएका थिए। उनले खसेको कुल मतको ५३ प्रतिशतभन्दा बढी मत हासिल गरेको पुष्टि गरिएको छ। तर उनको पार्टी नेसनल रिजेनेरेसन मुभमेन्ट (मोरेना) र त्यसका गठबन्धन पार्टीहरूले मेक्सिकोको कंग्रेस र सिनेटमा बहुमत ल्याउला वा नल्याउला भन्ने स्पष्ट हुन सकेको छैन।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफू ६४ वर्षीय ओव्राडरसँग काम गर्न इच्छुक रहेको बताएका छन्। व्यापार र आप्रवासी समस्यालाई लिएर अमेरिका र मेकिस्कोबीच विवाद चर्केको थियो। ओव्राडरले भनेका छन्- 'म हाम्रो राष्ट्रले अमेरिकाबाट आर्थिकरूपमा थप स्वतन्त्रता हासिल गरोस् भन्ने चाहन्छु। साथै राष्ट्रपति ट्रम्पलाई अवैध आप्रवासी समस्या समाधानका लागि मद्दत गर्न आग्रह गर्दछुँ।'

उनले २ वटा स्थापित राजनीतिक पार्टीका नेता नेसनल एक्सन पार्टी (पीएएन) का रिकार्डो एनाया र इस्टिच्युसनल रिभोलुस्नरी पार्टी (पीआरआई) का जोसे एन्तोनियो मियडलाई नराम्ररी पराजित गर्न सफल भएका हुन्। स्वतन्त्र उम्मेद्वार जेइम रोड्रिगुयज काल्डेरोन चौथो स्थानमा रहेका छन्।

झन्डै १२ वर्षपछि आफूहरूले चाहेकोजस्तो व्यक्ति राष्ट्रपति बनेकामा खुसीयाली मनाउन हजारौं जनता मेक्सिकोका सडकमा उर्लेका छन्। राष्ट्रपति ट्रम्प र भेनेजुयाली नेता निकोलस माडुरोलगायत विश्वका अन्य थुप्रै नेताले ओव्राडरलाई शुभकामना सन्देश पठाइसकेका छन्। नवनिर्वाचित राष्ट्रपतिले उर्जा सम्झौताको हस्ताक्षरका लागि भएका भ्रष्टाचार काण्डको पुनरावलोकन गराउने प्रतिबद्धता जनाएका छन्। मेक्सिको विश्वकै सबैभन्दा भ्रष्ट राष्टमध्ये एकका रूपमा कुख्यात छ।

गतवर्ष मेक्सिको ट्रान्सपरेन्सी इन्टरनेसनलको सबैभन्दा भ्रष्ट १ सय ८० वटा राष्ट्रको सूचीको १ सय ३५औं स्थानमा परेको थियो। ओव्राडरको सन् १९५३ को १३ नोभेम्बरमा दक्षिणी टावास्को राज्यको टेपेसियनको ग्रामीण समुदायको एक व्यापारिक परिवारमा जन्म भएको थियो। 'आम्लो' उपनामबाट पनि निकै लोकप्रिय उनी सन् २००० मा राजधानी मेक्सिको सिटीको मेयरमा निर्वाचित भएका थिए।

# मृत घोषित महिला पुन: ब्युँतिइन्

जोहान्नेसवर्ग, (एजेन्सी)




अस्पतालको मुर्दाघरको फ्रिजबाट ब्युँतिएकी १ जना दक्षिण अफ्रिकी महिलाको अहिले अस्पतालमा उपचार भइरहेको स्वास्थ अधिकारीले सोमबार बताएका छन्। एउटा सडक दुर्घटनामा परेकी ती महिलालाई मृत घोषित गर्दै गाउटेंग प्रान्तको कोर्लेटोन्भल्ले मुर्दाघरमा लगिएको थियो।

फ्रिजमा राखिएका शवहरू परीक्षण गर्ने क्रममा मुर्दाघरका १ जना कामदारले उनलाई श्वास फेरिरहेको अवस्थामा फेला पारेका थिए। ती महिलाको परिचय खुलाइएको छैन। यस घटना सम्बन्धमा अनुसन्धान शुरू भइसकेको छ। तर डिस्ट्रेस अलर्ट अपरेसनका म्यानेजर गेर्रिट ब्राडनिकले आफ्नो कम्पनीको तर्फबाट लापरबाही भएको कुनै प्रमाण नरहेको बताएका छन्। ब्राडनिकले टाइम्स सेलेक्टलाई भनेका छन्- '२४ जुनमा भएको सवारी दुर्घटनामा उनीलगायत अन्य थुप्रै व्यक्ति परेका थिए। सो दुर्घटनामा अन्य २ जनाको मृत्यु भएको थियो। मृत घोषित भइसकेकपछि पुन: जीवित भएको यो पहिलो घटना भने होइन।

गत जनवरीमा स्पेनको अष्टुरियास क्षेत्रको एउटा शवको अटोप्सी गरिनुभन्दा केही समयअघि पुन: ज्यान फर्केको थियो। ३ जना डाक्टरले ती व्यक्तिलाई राम्ररी स्वास्थ परीक्षण गरी मृत घोषित गरेका थिए। दक्षिण अफ्रिकामा पनि यो पहिलो घटना होइन। ७ वर्षअघि इस्टर्न केपको एउटा मुर्दाघरमा १ जना ५० वर्षीय पुरुष अचानक चिच्याएर ब्युँतेका थिए। यसै गरी सन् २०१६ मा सडक दुर्घटनामा मृत घोषित गरिएका क्वाजुलु नाटाल निवासी १ जना व्यक्तिले भोलिपल्ट श्वास फेर्न थालेका थिए। तर जीवित भएको ५ घन्टापछि उनको पुन: मृत्यु भएको थियो।

**भीमेश्वर नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**चरिकोट दोलखा**
३ नं. प्रदेश नेपाल

**दररेट उपलब्ध गराउनेसम्बन्धी सूचना।**

प्रथम पटक प्रकाशित मिति : २०७५/३/१८

भीमेश्वर नगरपालिकालाई आव २०७५/०७६ का लागि आवश्यक परेका कार्यालय सामानहरू सप्लाई गर्न ईच्छुक कम्पनी तथा फर्मले कम्पनी तथा फर्म दर्ता एवं नवीकरण प्रमाणपत्र, स्थायी लेखा नं. र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आव २०७३/०७४ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति संलग्न गरी आपूर्ति गर्नुपर्ने सामानको सूची लिन यस कार्यालयमा निवेदन दर्ता गर्न सकिनेछ।

उल्लेखित कागजात पूरा भएका कम्पनी तथा फर्मलाई यस कार्यालयबाट सामानको सूचीसहितको फारम उपलब्ध गराइनेछ र उक्त सामान के-कति दररेटमा उपलब्ध गराउन सकिन्छ, त्यसको मूल्यसहित सिलबन्दीरूपमा यस कार्यालयमा पेश गर्नुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१) **निवेदन दर्ता गर्ने मिति** : सूचना प्रकाशन भएको मितिले १५औं दिनको ५ बजेसम्म।
२) **दररेट पेश गर्ने मिति** : सूचना प्रकाशन भएको मितिले १६औं दिनको १२ बजेसम्म।
३) अन्य थप जानकारीका लागि कार्यालयको जिन्सी शाखामा सम्पर्क गर्न सकिनेछ। सम्पर्क नं. ०४९-४२१४९१